जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३
जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि
# साझेदारी
राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ११ | अंक : २२१ | २०८२ साल फागुन १५ गते शुक्रवार | Friday 27, Feb. 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## बारामा निर्वाचन सुरक्षायोजना कडा
# १४५ मतदान स्थल अति संवेदनशील सूचीमा

***साझेदारी संवाददाता***
***कलैया, १४ फागुन***

यही आउदो फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई सुरक्षायोजना तयार पारेको छ।

सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन जिल्लाभरका मतदान स्थलहरूको संवेदनशीलता



*जिल्ला प्रहरी कार्यालय।* **फाइल तस्वीर**

शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन जिल्ला प्रहरी कार्यालय बाराले विशेष मूल्यांकन गरी आवश्यक तयारी तीव्र पारिएको जनाएको छ।

प्रहरीका अनुसार जिल्लाका ३०५ मतदान स्थलमध्ये १४५ स्थललाई अति संवेदनशील सूचीमा राखिएको छ। त्यसैगरी १०८ स्थललाई संवेदनशील र ५२ स्थललाई सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ। भौगोलिक अवस्था, यातायातको पहुँच, विगतका निर्वाचनका अनुभव, सामाजिक-सांस्कृतिक परिवेश तथा पूर्वाधारको स्थितिलाई आधार मानेर वर्गीकरण गरिएको हो।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले संवेदनशीलताको स्तरअनुसार सुरक्षाकर्मी परिचालन गरिने जानकारी दिए। उनका अनुसार जोखिम बढी भएका क्षेत्रमा थप जनशक्ति खटाइनेछ भने मोबाइल गस्ती, एम्बुस टोली, क्यूआरटी र सादा पोशाकका सुरक्षाकर्मीसमेत सक्रिय रहनेछन्।

बारामा ३०८ मतदान स्थलअन्तर्गत ५८७ मतदान केन्द्र कायम गरिएको छ। निर्वाचन सुरक्षाका लागि करिब १,६०० जना नेपाल प्रहरी र २,६३८ जना म्यादी प्रहरी परिचालन गरिनेछ। थप रूपमा ७ जना प्रहरी नायब उपरीक्षक, १३ जना प्रहरी

**बाँकी तेस्रो पृष्ठमा**

## घरदैलो अभियानका क्रममा बारा-४ मा झडप

***साझेदारी संवाददाता***
***सिमरा, १४ फागुन***

बारा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-४ मा घरदैलो अभियानका क्रममा बिहीबार झडप भएको छ। चुनावी प्रचारप्रसार अन्तर्गत उम्मेदवार रहबर अन्सारीका समर्थक र स्थानीय युवाबीच विवाद चर्किंदा स्थिति केहीबेर तनावग्रस्त बनेको हो।



*झडपको दृश्य।* *तस्वीर सौजन्य : सामाजिक सञ्जाल*

स्थानीय स्रोतका अनुसार घरदैलोका क्रममा जेन्जी अभियन्ता कृष्ण मोहन सहनीसहित केही मतदाताले विभिन्न विषयमा उम्मेदवारसँग प्रश्न राखेका थिए। तर उम्मेदवार अन्सारी गाडीबाट नउत्रिएको आरोप लगाइएको छ।

**बाँकी तेस्रो पृष्ठमा**

## पर्सामा गरियो मदिराजन्य पदार्थको विक्री वितरण र सेवनमा निषेध

***साझेदारी संवाददाता***
***कलैया, १४ फागुन***

जिल्ला प्रशासन कार्यालय पर्साले मदिराजन्य पदार्थको बिक्री वितरण र सेवन गर्न निषेध गरेको छ। जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलले एक सार्वजनिक सूचना जारी गरी यस्तो रोक लगाएको जानकारी दिएकाहुन्।

फागुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई दृष्टिगत गर्दै यस्तो निषेध गरिएको जनाइएको हो। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयहरित वातावरणमा सम्पन्न गर्नका लागि निषेध गरिएको हो। सार्वजनिक स्थानमा मदिराजन्य पदार्थको बिक्री वितरण र सेवनबाट शान्ति सुरक्षामा पर्न सक्ने



*जिल्ला प्रशासन कार्यालय पर्सा।* **फाइल तस्वीर**

**बाँकी तेस्रो पृष्ठमा**

## निर्वाचनलाई लक्षित गर्दै बारामा मदिरा विक्री-वितरणमा लगाइयो रोक

***साझेदारी संवाददाता***
***कलैया, १४ फागुन***

जिल्ला प्रशासन कार्यालय बाराले बारामा मदिरा निषेध गरेको छ।

यही फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई दृष्टिगत गरी मदिरा निषेध गरेको जिल्ला प्रशासनले जारी गरेको सूचनामा जनाइएको छ।

बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले बिहीबार सूचना जारी गर्दै सीमा नाका बन्द गर्ने सम्बन्धी जानकारी समेत दिएकाछन्। प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयरहित वातावरणमा सम्पन्न गर्ने उनले जनाएकाहुन्। उनले शान्ति सुरक्षालाई दृष्टिगत गरी मदिरा निषेधको आदेश जारी गरिएको हो। आदेशको पालना नगरेको पाईएमा



*घण्टाघर।* **फाइल तस्वीर**

**बाँकी तेस्रो पृष्ठमा**

'धार्मिक आस्था, सांस्कृतिक पहिचान र सामाजिक सद्भावको संरक्षण गर्दै स्वच्छ र व्यवस्थित महागढीमाई निर्माण गरौं ।'
महागढीमाई नगरपालिकाको कार्यालय, बरियारपुर बाराद्वारा जनहितमा जारी सन्देश

'औद्योगिक सहर जीतपुरसिमरा,समृद्ध नेपालको आधार'
जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय, जीतपुर बाराद्वारा जनहितमा जारी सन्देश

'सुशासन, सेवा र समृद्धिको बाटोमा कलैया'
कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया बाराद्वारा जनहितमा जारी सन्देश

एक–आपसमा भेदभाव नगरौं,धार्मिक,साँस्कृतिक,सहिष्णुता कायम राखौं ।
विश्रामपुर गाउँपालिकाको कार्यालय,विश्रामपुर बाराद्वारा जनहितमा जारी सन्देश

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
समाचार सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : जुनेद हवारी - ९८०७२४८०११
कानुनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा
मुद्रक : पौडेल अफसेट प्रेस, वीरगञ्ज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail.com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


## सम्पादकीय.....

# मर्यादित रुपमा फागुपर्व मनाउन आवश्यक

फागु पर्व निकै महत्वपूर्ण पर्व हो। यो पर्व मुख्यरुपमा वसन्तोत्सवको रुपमा लिइन्छ। साथै यसलाई असत्यमाथि सत्यको विजयको रुपमा समेत लिइन्छ। यो रंग उमंगको पर्व हो। यो मौसम परिवर्तनसंगै आउने पर्व हो। जाडोबाट गर्मिमा संक्रमण गर्ने महिनाको रुपमा फागुन तथा चैत्र महिनालाई लिने गरिन्छ। यो महिनामा विहान ठण्डा हुन्छ। दिउँसो गर्मि हुन्छ। साँझदेखि विस्तारै तापक्रममा कमि आउने गर्छ। यो मौसममा रुखमा लागेको पतझडमा विस्तारै पालुवा पलाउन थाल्छ। पालुवा पलाउछ। नयाँ फूलहरु बोटमा आउँछ। यो मौसममा मानिसहरु आफै खुशी अनुभव गर्छन्। यही सन्दर्भमा फागुपर्व नजिकिएको छ। फागुपर्व नजिकिएपछि विभिन्न जिल्ला प्रशासन कार्यालयहरुले यस पर्वलाई भव्य र सभ्यरुपमा मनाउन सूचनाहरु निकालिरहेका छन्। प्रशासनले गृह मन्त्रालयको नीति तथा निर्देशनमा सूचना निकालिरहेकाहुन्। यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालय रौतहटले फागु पर्वलाई धार्मिक एवं सांस्कृतिक दृष्टिले मर्यादित, सभ्य र अनुशासित ढङ्गले मनाउन भनिएको छ।

फागु पर्वलाई एकता, सद्भाव, एकआपसमा सुसम्बन्ध तथा भाइचारा कायम गर्ने पर्वका रुपमा यो पर्व मनाउन आवश्यक छ। पर्व मनाउने नाममा कसैको इच्छा विपरीत जबर्जस्ती, अमर्यादित तथा उच्छृङ्खल व्यवहार गर्न हुदैन। आआफ्ना समुदायभित्र आपसी सहमतिमा मात्र पर्व मनाउनुपर्छ। कसैको इच्छाविपरीत रङ दल्ने, लोला हान्ने, फोहर छ्याप्नेजस्ता असभ्य व्यवहार गर्न हुदैन। निर्वाचन सुरक्षामा खटिएका सुरक्षाकर्मी, निर्वाचनमा खटिएका कर्मचारी तथा बाटोमा हिँडिरहेका व्यक्तिलाई रङ दल्न हुदैन। लोला हान्ने, फोहर छ्याप्ने लगायत कार्य गरी दुःख, हैरानी तथा कष्ट दिने कुनै पनि कार्य कानुन विपरीतका हुन्। शान्ति सुरक्षामा असर पर्नेगरी मादक तथा नशालु पदार्थ सेवन गर्न हुदैन। मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउन हुदैन। ट्राफिक नियम पालना गरेर मात्र सवारी चलाउनुपर्छ। सार्वजनिक स्थानमा होहल्ला गर्न हुदैन। चर्को आवाजमा डिजेलगायत ध्वनि प्रदूषकयन्त्र उपकरण बजाउन हुदैन। छरछिमेकलाई असर पर्ने कुनै पनि कार्य गर्न/गराउन हुदैन। कोही कसैले कानुनविपरीतका कार्य गरे/गराएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

फागु पर्व उत्सवको पर्व हो। महोत्सवको पर्व हो। यो पर्व भक्त प्रल्हादसंग समेत जोडिएको छ। फूपु होलिकाले जलाउन खोज्दा भक्त प्रल्हाद जोगिएकोले खुशीको लागि यो पर्व मनाउने गरिन्छ। यस्तै भगवान श्री कृष्ण तथा भगवान रामसंग समेत यो पर्व जोडिएको भनाई रहेको छ। रंग, उमंग र उत्सवको यो पर्वमा होली खेल्दा सावधानी अपनाउनै पर्ने हुन्छ। त्वचालाई हानी पुऱ्याउने रंगको प्रयोग गर्न हुदैन। अत्याधिक मदिरा सेवनले व्यक्तिको ज्यान समेत जानसक्छ। प्रशासनले गरेको निषेध आफ्नो ठाउँमा छ। पर्व आफ्नो ठाउँमा छ। हिन्दूहरुले मनाउने पर्वमा प्रशासनिक हस्तक्षेप तथा सरकारी हस्तक्षेपबारेको प्रश्न समेत आफ्नो ठाउँमा छ। लगातार राज्यले हिन्दू पर्व तथा त्यौहारमाथि प्रहार गर्नु कतिको जायज छ, त्यो प्रश्न समेत विचारणीय रहेको छ। तर पनि पर्व मनाउँदा सौहाद्रपूर्ण मनाउन आवश्यक रहेको छ। मर्यादितरुपमा पर्व मनाउनुपर्छ। यस्मा कसैको दुई मत हुदैन। होली पर्वलाई मर्यादित रुपमा मनाउन आवश्यक छ।

# अझै प्रश्न आउन छाडेको छैन – मतदाता सूचीमा नाम कसरी हेर्ने ?

*काठमाडौं, १४ फागुन*

“मतदाता सूचीमा नाम कहाँ हेर्ने होला ?’’ निर्वाचन आयोगको कार्यालय, कान्तिपथको मूल ढोकाबाट सुरक्षा जाँज गरेर भित्र छिरेपछि क्यान्टिनमा चिया खाइरहेका कर्मचारीलाई एक मतदाताले सोधे । अन्दाजी ५० वर्षीय ती पुरूषले आफ्नो परिचय नदिइ जिज्ञाशा राखेपछि त्यहाँका कर्मचारीहरुले ‘आफ्नै मोबाइलमा हेर्न सकिन्छ नि’ भन्ने जवाफ दिए । ती मतदाताले मोबालइमा हेर्न अप्ठ्यारो भएको र यहीँ आएर हेर्न चाहेको बताएपछि उनलाई आयोगको सूचना प्रविधि प्रणाली सञ्चालन गर्ने शाखामा पठाइयो ।

मतदाता सूचीमा आफ्नो नाम र मतदान स्थलसहितको ठेगाना आफ्नै आँखाले कम्प्युटरमा हेरेपछि उनी ढुक्कले ‘अब मत हाल्न पाइने भइयो’ भन्दै बहादुर भवन परिसरबाट फर्किए । उनको घर परिवारमा नयाँ पुस्ताका सदस्यहरु नभएकाले पनि सूचना प्रविधिमा मोबाइलबाट अभ्यस्त हुन नसकेका रहेछन् । उनलाई आयोगका कर्मचारीले ‘निर्वाचनसम्बन्त्रधी यस्ता विषयमा जिज्ञासा भएमा कार्यालयमा धाइरहनु पर्दैन, पैसा नलाग्ने ‘कल सेन्टर’ मा सिधै फोन गरेर पनि जवाफ वा समाधान पाउन सकिन्छ’ भनेर सम्झाएका थिए ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आयोगले विगतमा झैँ ‘कल सेन्टर’ सञ्चालनमा ल्याएको छ । आयोगले पैसा नलाग्ने टोल फ्रि नम्बर ११०२ मा कल गरेर पनि मतदाता परिचयपत्र, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता र अन्य विषयमा सोधपुछ गर्न सकिने प्रबन्ध गरेको छ । आयोगका कल सेन्टरका संयोजक एवं उपसचिव सपना भट्टराईका अनुसार उक्त सेन्टरमा कम्प्युटर अधिकृत, नेपाल टेलिकमका दुई प्राविधिकसहित हाल नौ जना कार्यरत छन् । हरेक दिन बिहान ९ बजेदेखि साँझ ६ बजेसम्म यस सेन्टरमा आउने फोनहरु उठाएर समस्याको समाधान र आवशयक जवाफ दिइने बताउनुभयो ।

उहाँका अनुसार दैनिक ७० देखि २०० सम्म कल आउने गरेका छन् । “धेरै प्रश्नको समाधान त हामीले नै गर्छौं । नसक्ने खालका भएमा सम्बन्धित शाखा वा व्यक्तिकोमा फरवार्ड गर्छौं ।’’, संयोजक भट्टराईले राससससँग भन्नुभयो । आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार ‘कल सेन्टर’ मा ‘मतदाता परिचयपत्र बनाउन के गर्नुपर्छ ? यस निर्वाचन अगाडि मतदाता नामावलीमा नाम समावेश गराई मतदानमा सहभागी हुन सकिन्छ कि सकिँदैन ?’ भन्ने जिज्ञाशा पनि आउने गर्छ । यस्तो जिज्ञासामा “नागरिकता समावेश गरी सम्बन्धित निर्वाचन कार्यालयमा मतदाता नामावली नाम दर्ता गराएपछि मतदाता परिचयपत्र बन्ने गरेको छ। आवेदकको फोटो, औँठा छाप जस्ता जैविक विवरण सङ्कलन गरी मतदाता नामावलीमा नाम दर्ता हुन्छ । निर्वाचन नजिक आइसकेकाले हाललाई मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिकको कार्य कानुनमा भएको व्यवस्था अनुसार निर्वाचन अवधिभर स्थगित गरिएको छ’’ भन्ने जवाफ दिने गरिएको छ ।

यस्तै ‘आफ्नो स्थायी ठेगानाको जिल्लाभन्दा बाहिरको जिल्लाबाट मतदाता नामावलीमा नाम दर्ता गर्न मिल्छ कि मिल्दैन ?’, ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा के कस्तो सजाय हुने व्यवस्था गरिएको छ ?’ निर्वाचनपछि नामावली दर्ता र अध्यावधिकको कार्य खुल्ला हुन्छ भने निर्वाचन आचारसंहिता उल्लङ्घन भएमा कारबाहीका व्यवस्था निर्वाचन आचारसंहिता, २०८२ मा गरिएको छ ।

आचारसंहिताको दफा ४८ मा बमोजिम आचारसंहिता उल्लङ्घन भएमा रु एक लाखसम्म जरिवाना हुने, उम्मेदवारी रद्द गर्न सकिने, आचारसंहिता विपरीत कुनै प्रकारले आर्थिक सहयोग लिएमा त्यस्तो सहयोग लिने राजनीतिक दल वा उम्मेदवारलाई त्यसरी गरेको आम्दानी वा खर्च बराबरको रकम जरिवाना गर्ने र त्यसरी भएको जरिवाना छ महिनासम्म नबुझाउने उम्मेदवारलाई आयोगले तत्काल लागू हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने भनिएको छ ।

प्रचलित कानुन बमोजिम निर्वाचन कसुर मानिने कार्य भएमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही हुनेछ । ‘निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइएमा कहाँ उजुरी दिने भन्ने प्रश्न पनि आयोगमा आउने गर्छ ।’ त्यस्तो पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला आचारसंहिता अनुगमन समिति, अनुगमन टोली वा अनुगमन अधिकृतसमक्ष तोकिएको ढाँचामा उजुरी दिन सक्ने व्यवस्था गरिएको छ । यसरी उजुरी दिँदा आधार, कारण र सोसम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गर्नुपर्ने छ । ‘निर्वाचनको दिन विदेशी पर्यटकको आवागमनलाई आयोगले के व्यवस्था गरेको ? अन्तरराष्ट्रिय उडान र स्थल मार्गमा आवागमनमा रोकावट हुन्छ कि हुँदैन ?’ भन्ने प्रश्न पनि आयोगको ‘कल सेन्टर’ ले सुनेको प्रश्न हो ।

यसको जवाफमा “निर्वाचनको दिन कुनै पनि राष्ट्रिय वा अन्तरराष्ट्रिय हवाई उडान नरोकिने र राजमार्गमा चल्नुपर्ने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन सवारी साधनको अनुमतिसम्बन्धी कार्यविधि,२०८२ निर्माण गरिएको भनिएको छ । जिल्ला प्रशासन कार्यालयबाट र काठमाडौँमा निर्वाचन आयोगबाट कम्तीमा दुई दिनअघि अनुमति लिई पर्यटकको आवागमनको लागि सवारीसाधन सञ्चालन गर्न सकिने तथा अत्यावश्यक सेवा, कूटनीतिक नियोग, मानव अधिकार आयोगबाहेक अन्य कुनै प्रकारका सवारीसाधन अनुमित नलिइ प्रयोग गर्न पाईंदैन ।’’ दिइने गरिएको छ ।

यसैगरी निर्वाचनमा भाग लिएका उम्मेदवार/दलले स्वच्छता र खर्चको पारदर्शीताका लागि बेग्लै बैंक खाता सञ्चालन गर्नुपर्ने, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, मत बदरको अवस्था, मतदान केन्द्रमा काम गर्ने कर्मचारीको खटनपटन, सामाजिक सञ्जालको सामग्रीको व्यवस्थान आदिबारे पनि कल सेन्टरमा जिज्ञाशा आउने गरेको छ । कानुनी व्यवस्थानुसार मत मदर हुने अवस्थाहरु स्पष्ट गरिएका छन् । सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा, निर्वाचन आयोगले राखेको मसी र स्वस्तिक चिन्हबाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरेमा वा औँठा छापबाट मत सङ्केत गरेमा, मतपत्रमा सङ्केत चिन्ह नबुझिने गरी लत्पतिएको वा मतपत्र च्यातिएमा, उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरेमा, निर्वाचित गर्नुपर्ने सिट सङ्ख्याभन्दा बढी उम्मेदवारलाई मत सङ्केत गरेमा, एकभन्दा बढी निर्वाचन चिन्हमा मत सङ्केत गरेमा, मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको मतपत्र, कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरेमा,

प्रकाश सिलवाल

आयोगद्वावार निर्धारित मतपत्र बाहेक अन्यद्वारा मतदान गरेको पाइएमा, मतपेटिका भन्दा बाहिर राखिएको मतपत्रको मत, जाली मतपत्र वा आयोगले बदर हुने भनी तोकेको मतपत्र पाइएमा मत बदर हुन्छ ।

आयोगले ट्रेड युनियनका पदाधिकारी भन्नाले कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनुपर्छ र सो शब्दले कार्य समितिको सदस्यलाईसमेत जनाउँछ र ट्रेड युनियन यही ऐनबाट वैधानिक अस्तित्व प्राप्त गरी क्रियाशील हुने हुँदा यही परिभाषा अनुसारको अर्थलाई मनन गर्नुपर्ने हुन्छ भन्ने जवाफ दिने गरेको छ ।‘सामाजिक सञ्जालमा बग्रेल्ती रुपमा आउने नकारात्मक भिडियो सामग्रीहरुको नियन्त्रण गर्न र सोको बारेमा यथार्थपरक जानकारी प्रदान गर्न आयोगले के कस्ता उपाय अपनाएको छ ?’ भन्ने जिज्ञाशामा आयोगले भनेको छ, “सामाजिक सञ्जाल र आमसञ्चारका साधनमा प्रकाशित हानिकारक सामग्रीको निगरानी तथा विश्लेषण गर्न आयोगमा विज्ञ जनशक्तिसहित आयोगमा सूचना सदाचार प्रवर्द्धन गठित इकाईले आमसञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशन प्रसारण हुने विभिन्न सामग्रीको विश्लेषण गरी नियन्त्रणको प्रस्ताव गर्दछ । यही तथ्यगत विश्लेषणको आधारमा आयोगले आवश्यक कानुनी कारबाहीको लागि सम्बन्धित निकायलाई निर्देशन दिइरहेको छ ।’’

आयोगका सहप्रवक्ता जिसीका अनुसार निर्वाचनको सम्बन्धमा यथार्थपरक जानकारी दिन र सामाजिक सञ्जालमा प्रवाह हुने तथ्यहीन एवं भ्रामक सूचनाबाट मतदातामा भ्रम सिर्जना हुन नदिन आयोगले सामाजिक सञ्जाल र अन्य सञ्चार माध्यमबाट मतदाता शिक्षासँग सम्बन्धित सामग्री निरन्तर प्रकाशन प्रसारण गरिरहेको छ ।

यसका साथै नियमित रुपमा प्रत्येक हप्ता पत्रकार सम्मेलन आयोजना गर्ने, समय समयमा विज्ञप्ति जारी गर्ने, आयोगका पदाधिकारी तथा कर्मचारीका अन्तर्वार्ता र मन्तव्य प्रकाशन प्रसारण गर्ने जस्ता कार्यबाट सामयिक सवालमा स्पष्टता कायम गर्ने कार्य गरिँदै आएको छ । नियमित गतिविधि तथा जानकारीका लागि नियमित ई-बुलेटिन पनि सम्प्रेषण गर्दै आएको छ । रासस


पुरातात्विक स्थल, मठ-मन्दिर तथा दरबार क्षेत्रको संरक्षण गरौं।
सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ बाराद्वारा जनहितमा जारी सन्देश

‘जनताको सहभागिता, विकासको सुनिश्चितता’
करैयामाई गाउँपालिकाको कार्यालय, करैया बाराद्वारा जनहितमा जारी सन्देश

‘कृषि, शिक्षा र स्वास्थ्य–विकासको आधार’
आदर्शकोतवाल गाउँपालिकाको कार्यालय, महेन्द्र आदर्श बाराद्वारा जनहितमा जारी सन्देश

फरक–फरक धर्म संस्कृति हाम्रो समस्या होइन,सम्पत्ति हो ।
सुवर्ण गाउँपालिकाको कार्यालय,कवहीगोठ बाराद्वारा जनहितमा जारी सन्देश

# खेल समाचार

## दोस्रो विकल रेग्मीमा फुटबल प्रतियोगितामा वडा ७ र वडा १३ उपाधिका लागि भिड्ने

*साझेदारी संवाददाता*
*निजगढ, १४ फागुन*

दोस्रो विकल रेग्मी स्मृति जुनियर फुटबल प्रतियोगिताको उपाधिका लागि वडा नं. ७ र वडा नं. १३ विच भिडन्त हुनेछ। बिहीबार सम्पन्न सेमिफाइनलमा विजयी भई दुवै टोली फाइनलमा प्रवेश गरेकाहुन्।

पहिलो सेमिफाइनलमा वडा नं. ७ ले वडा नं. ९ लाई पेनाल्टी सुटआउटमा धकेलिएको थियो । पेनाल्टीमा ४-३ गोल अन्तरले विजयी भएको हो। खेलको 'म्यान अफ दि म्याच' वडा नं. ७ का जर्सी नम्बर १० का राम अर्याल घोषित भए । उनलाई स्वर्गीय विकल रेग्मीका आमा कमला रेग्मी र वडा नं. ७ का वडाध्यक्ष टेकबहादुर लामा लगायतले ट्रफी प्रदान गरेकाहुन्। दोस्रो सेमिफाइनलमा वडा नं. १३ ले वडा नं. १० लाई सडनडेथमा पराजित गरेको हो। निर्धारित समयमा गोलरहित बराबरी भएपछि खेल सडनडेथमा पुगेको हो। सडनडेथमा वडा नं. १३ ले ६-५ गोल अन्तरले जित हासिल गऱ्यो। उक्त खेलका 'म्यान अफ दि म्याच' विजेता टोलीका अनिश गोङ्वा घोषित भए। उनलाई कमला रेग्मी लगायतले ट्रफी प्रदान गरेका थिए। शनिबार (१६ गते) फाइनल हुनेछ। शनिबार दिउँसो २ बजे महिला टोलीबीच मैत्रीपूर्ण खेल आयोजना गरिनेछ ।

फाइनल खेल दिउँसो ३ बजे निजगढ-९ स्थित शहीद हिरालाल रंगशालामा हुने आयोजकले जानकारी दिएको छ।



*खेलमा प्रतिस्पर्धा गर्दै खेलाडी ।* **फोटोः साझेदारी**

### बारामा...

निरीक्षकसहित ७६३ जना सुरक्षाकर्मी मद्दतका लागि जिल्लामा खटिएका छन्।

यसका अतिरिक्त नेपाली सेना र सशस्त्र प्रहरी बल नेपाल को छुट्टै सुरक्षा टोली पनि परिचालन हुने व्यवस्था मिलाइएको छ। ती निकायहरूले मतदान केन्द्र बाहिर घेराबन्दी सुरक्षा, संवेदनशील क्षेत्रको निगरानी तथा आकस्मिक अवस्थामा प्रतिकार्य गर्ने जिम्मेवारी सम्हाल्नेछन्।

प्रहरीले निर्वाचन आचारसंहिता पालना गराउन, अवाञ्छित गतिविधि नियन्त्रण गर्न र मतदातालाई सुरक्षित वातावरणमा मतदान गर्न सहयोग पुऱ्याउन सबै सुरक्षा संयन्त्रबीच उच्च समन्वय कायम गरिएको जनाएको छ। साथै मतदातालाई निर्धक्क भएर मतदान प्रक्रियामा सहभागी हुन र शंकास्पद गतिविधि देखिएमा नजिकको सुरक्षा निकायलाई जानकारी गराउन आग्रह गरिएको छ।

समग्रमा, व्यापक जनशक्ति परिचालन, रणनीतिक योजना र निरन्तर निगरानीमार्फत बारामा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने तयारी अन्तिम चरणमा पुगेको सुरक्षा निकायले जनाएको छ।

### पर्सामा...

असरलाई दृष्टिगत गरी यस्तो निषेध गरिएको हो। पर्सा जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन यस्तो निषेध गरिएको जनाइएको हो। निर्वाचन आयोग नेपालद्वारा प्रकाशित विज्ञप्ति, गृह मन्त्रालयबाट प्राप्त निर्देशन र जिल्ला सुरक्षा समितिको बिहीबार बसेको बैठकले निषेध गर्ने निर्णय गरेको हो। शुक्रबारदेखि लागू हुने गरी निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म यो निषेध आदेश लागु हुनेछ।

पर्सा जिल्लामा मादक पदार्थ विक्री बितरण तथा सेवनमा प्रतिबन्ध लगाईएको हो। कोही कसैले यो सूचनाको बर्खिलाप गरी मदिरा विक्री वितरण र सेवन गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने चेतावनी दिइएको छ।

### घरदैलो...

त्यसपछि उनका संगठन प्रमुख तथा कार्यकर्तासँग भनाभन सुरु भई हातपातसम्म पुगेको बताइएको छ। झडपका क्रममा सहनीसहित दुई जना घाइते भएका छन्। घाइतेहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको जनाइएको छ।

उक्त घटनाको भिडियो तथा तस्वीर सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएको छ। यद्यपि घटनाबारे स्थानीय प्रहरीले औपचारिक जानकारी नआएको प्रतिक्रिया दिएको छ। निर्वाचन मिति नजिकिँदै गर्दा यस घटनाले जिल्लामा सुरक्षा व्यवस्थाप्रति थप चासो र चुनौती उत्पन्न गरेको देखिन्छ।

### देशभरका...

अधिकृतको कार्यालयबाट भने मतदान अधिकृतको जिम्मामा सबै सामग्री पठाइने आयोगले जनाएको छ ।

स्वीकृत कार्यक्रमअनुसार मतदाता शिक्षासम्बन्धी विशेष कार्यक्रम यही फागुन ३ गतेदेखि जारी छ । मतदाता शिक्षा फागुन १७ गतेसम्म ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा निरन्तर सञ्चालन हुने जनाइएको छ। निर्वाचन आचारसंहिता अनुगमन एवं परिपालनामा निरन्तरता दिँदै केन्द्रीय आचारसंहिता अनुगमन समितिलगायतका संयन्त्रहरुले सक्रिय रुपमा कार्यसम्पादन गर्दै आएका छन्। यही फागुन ४ गतेदेखि राजनीतिक दलहरुले चुनावको मुख्य प्रचारप्रसारका गतिविधि सुरुवात गरेका छन् । प्रचारप्रसारलाई प्रचलित कानुन र आचारसंहिताको अधीनमा रही शिष्ट र मर्यादित बनाउन आयोगबाट राजनीतिक दल र उम्मेदवारहरुलाई निर्देशन भइसकेको छ । रासस

## आफ्नो प्रतिबद्धतासहित घरदैलोमा कांग्रेस उम्मेदवार यादव

*साझेदारी संवाददाता*
*कलैया, १४ फागुन*

बारा निर्वाचन क्षेत्र नम्बर-२ मा प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा चुनावी गतिविधि तीव्र बन्दै गएको छ।

यसै क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार भैयाराम यादवले कृषि, सिँचाइ, शिक्षा, स्वास्थ्य र युवा रोजगारीलाई प्राथमिक एजेन्डा बनाउँदै घरदैलो अभियानलाई थप सक्रिय बनाएका हुन।

उनले बिहीबार पचरौता नगरपालिकाका पिप्रपाती, चिकनी र बैरिया टोलमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरे। बिहानैदेखि सुरु भएको अभियान साँझसम्म जारी रहँदा स्थानीय बासिन्दाले आफ्नो टोल-बस्तीका समस्या खुलेर राखेका थिए।

सो अवसरमा मतदाताहरुले कतै सिँचाइको अभाव, कतै खेतीयोग्य जमिनमा मल-बीउको समस्या, त कतै युवाहरू वैदेशिक रोजगारीका लागि बाध्य भएर बाहिरिनुपरेको विषय उठाइएको थिए।



*उम्मेदवार यादव कार्यकर्ता सहित घरदैलो गर्दै ।* **फोटोः साझेदारी**

उम्मेदवार यादवले किसानमुखी कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गर्दै आधुनिक कृषि प्रणाली, साना सिँचाइ आयोजना विस्तार, कृषि उपजको उचित बजारीकरण तथा सहुलियत कर्जाको पहुँच बढाउने योजना सुनाए। "कृषि नै यस क्षेत्रको मुख्य आधार हो, त्यसलाई व्यावसायिक र आधुनिक बनाउनु मेरो पहिलो प्राथमिकता हुनेछ," उनले बताए।

उनले सामुदायिक विद्यालयको गुणस्तर सुधार, स्वास्थ्य संस्थाको स्तरोन्नति र बेरोजगार युवाका लागि सीपमूलक तालिम तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता जनाए। उनले वैदेशिक पलायन रोक्न स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिए।

घरदैलोका क्रममा उनले नेपाली कांग्रेसको चुनाव चिन्ह 'रुख' मा मतदान गर्न आग्रह गर्दै आफूलाई जनताको सेवकका रूपमा काम गर्ने अवसर दिन अपिल गरे। बारा-२ मा विशेषगरी कृषि र रोजगारीको विषय यसपटकको चुनावी बहसको केन्द्रमा देखिएको छ।

## तामागढी साकोसको १८ औं स्थापना दिवसमा अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न



*कार्यक्रममा सहभागी विद्यार्थीहरू।* **फोटोः साझेदारी**

*साझेदारी संवाददाता*
*कोल्हवी, १४ फागुन*

बाराको कोल्हवीस्थित तामागढी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १८औँ स्थापना दिवसको अवसरमा अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको छ। शैक्षिक तथा बौद्धिक विकासलाई प्रोत्साहन गर्ने उद्देश्यले बिहीबार कोल्हवी-सपहीमा रहेको सपही माध्यमिक विद्यालयको प्राङ्गणमा प्रतियोगिता सम्पन्न गरिएको हो।

सहकारीको कार्यक्षेत्रभित्र पर्ने कोल्हवी नगरपालिका, जीतपुरसिमरा उपमहानगरपालिका र करैयामाई गाउँपालिकाका १२ वटा माध्यमिक विद्यालयका विद्यार्थीहरूले प्रतिस्पर्धामा सहभागिता जनाएका थिए। प्रतिस्पर्धा उत्साहपूर्ण र प्रतिस्पर्धात्मक बनेको आयोजकले जनाएको छ।

प्रतियोगितामा अनुपदिपनी माध्यमिक विद्यालय प्रथम, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सपही द्वितीय तथा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमरा तृतीय भएका छन्। विजेता विद्यालयहरूलाई शुक्रबार आयोजित विशेष कार्यक्रममा नगद पुरस्कारसहित सम्मान गरिने सहकारीका सचिव रामकाजी खड्काले जानकारी दिए।

संस्थाकी उपाध्यक्ष कालिका दवाडी भण्डारीको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा शिक्षक प्रतिनिधि तथा संस्थाका सञ्चालक समिति सदस्यहरूले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रमको सञ्चालन मुख्य प्रबन्धक बासुदेव रिमालले गरेका थिए भने स्वागत मन्तव्य सञ्चालक सदस्य सन्तोष पाण्डेले व्यक्त गरेका थिए।

### निर्वाचनलाई...

प्रचलित कानून बमोजिम कारवाही हुने छ।

फागुन १५ गते शुक्रबारदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्मका लागि बारा जिल्ला भरी मदिरा निषेध गरिएको हो।सबै प्रकारका मादक पदार्थको ओसारपसार, विक्री वितरण र सेवन कार्य निषेध गरिएको सूचनामा उल्लेख छ।

फागुन १८ गते सोमबार राति १२:०० देखि फागुन २१ गते बिहीबार राति १२:०० वजे सम्मलाई सीमा नाका बन्द गर्ने जनाइएको छ। बारा जिल्लाका भारतीय सीमासँग जोडिएका सीमाना पूर्ण रुपमा बन्द हुने जानकारी सूचनामा दिइएको छ।

फागुन २० गते राती १२:०० बजे देखि फागुन २१ गते मतदान कार्य सम्पन्न नहुञ्जेलसम्म सवारी साधन निषेध दिइएको छ। सूचनामा अत्यावश्यक सेवाका एम्बुलेन्स, दुध तथा औषधी बोकेको सवारी साधन, खानेपानी ट्याङ्कर, खानेपानी तथा ढल मर्मत, दमकल, दूरसञ्चार सेवा, शव वहान, अस्पताल सेवा, सुरक्षा निकायका सवारी साधनहरु तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा, नम्बर प्लेटमा सी.डी. उल्लेख भएका कुटनीतिक नियोगको सवारी साधन र अनुमति प्राप्त बाहेकका सवारी साधन सञ्चालनमा निषेध गरिएको छ।

घरबहाल कर,व्यवसाय कर,सम्पत्ति कर लगायतका राजस्व समयमै बुझाई नगर विकासमा योगदान गरौं ।
निजगढ नगरपालिकाको कार्यालय, निजगढ बाराद्वारा जनहितमा जारी सन्देश

'स्थानीय स्रोतको सदुपयोग, दिगो विकासको आधार'
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनी बाराद्वारा जनहितमा जारी सन्देश

'शिक्षा, स्वास्थ्य र रोजगारी–नगर विकासका आधार'
कोल्हवी नगरपालिकाको कार्यालय, कोल्हवी बाराद्वारा जनहितमा जारी सन्देश

एक–अर्काको धर्म–संस्कृति, रितिरिवाज,रहनसहन र चाडपर्वको सम्मान गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय,खोपवा बाराद्वारा जनहितमा जारी सन्देश

# भन्सार कार्यालय स्थापनालाई मुख्य एजेन्डा बनाउँदै आजपाका विजय यादव निर्विज प्रचार प्रसार गर्दै

*साझेदारी संवाददाता*
*कलैया, १४ फागुन*

बारा क्षेत्र नम्बर १ का आम जनता पार्टीका प्रतिनिधि सभा सदस्य टोल, अमृतगञ्ज वडा नं. ३ जोलाही, वडा नं. ४ हरिहरपुर तथा गंगानगर क्षेत्रमा आजपाले कार्यक्रम आयोजना गरेको हो। उनले यो मुद्दालाई जोडदार जनाए।

यादवले भन्सार स्थापना केवल राजनीतिक मुद्दा नभई बाराको दीर्घकालीन समृद्धिसँग जोडिएको



*घरदैलो गर्दै निर्विज ।* फोटो: साझेदारी

उम्मेदवार विजय यादव निर्विजले बारामा भन्सार कार्यालय स्थापनालाई आफ्नो मुख्य ऐजेण्डा बनाएकाछन्। उनले बारा जिल्लाको समग्र आर्थिक विकास र सीमावर्ती व्यापारको व्यवस्थित विस्तारलाई केन्द्रमा राखेको जनाएकाहुन्। निर्विजले भन्सार कार्यालय स्थापना आफ्नो प्रमुख चुनावी प्रतिबद्धता भएको जनाएकाहुन्। घरदैलो तथा मतदाता भेटघाट कार्यक्रम अन्तर्गत सिम्रौनगढ नगरपालिकाका विभिन्न वडामा आयोजित सभालाई उनले सम्बोधन गरेकाहुन्। उनले सीमावर्ती क्षेत्रको आर्थिक सम्भावनालाई मूर्त रूप दिन स्थानीय तहमै भन्सार कार्यालय स्थापना आवश्यक रहेको बताए। सिम्रौनगढ वडा नं. १ ननसगरा ढाट र बोर्डर बैरिया, वडा नं. २ नयका रूपमा उठाएकाछन्।

यादवले बारा(१ क्षेत्रमा कृषि उत्पादन, साना तथा मझौला उद्योग र सीमावर्ती व्यापारको उल्लेखनीय सम्भावना रहेको जनाए। भन्सार संरचनाको अभावले स्थानीय व्यवसायीलाई अन्य जिल्लामा धाउनुपर्ने बाध्यता रहेको उनले बताए। यस्का कारण ढुवानी खर्च वृद्धि, समयको क्षति तथा प्रशासनिक झन्झट थपिएको उनले बताए। उनले भन्सार कार्यालय स्थापना भएपछि अवैध आयात(निर्यात नियन्त्रणमा आउने विश्वास व्यक्त गरे। यसले राजस्व चुहावट न्यूनिकरण हुने उनले जनाए। सीमावर्ती बजार पारदर्शी तथा व्यवस्थित बन्ने विश्वास उनले व्यक्त गरे। यसबाट स्थानीय युवाहरूका लागि रोजगारी सिर्जना हुने उनले रणनीतिक आवश्यकता भएको उनको भनाइ थियो। बारामा आर्थिक विकाससम्बन्धी बहसलाई नयाँ आयाम दिएको छ।

# बारा-२ मा जसपा नेपालका उम्मेदवार यादवको घरदैलो अभियान

*साझेदारी संवाददाता*
*कलैया, १४ फागुन*

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि बारा निर्वाचन क्षेत्र नम्बर २ मा चुनावी अभियान उम्मेदवारले तीब्रता दिएका छन्।

जनता समाजवादी पार्टी नेपालबाट उम्मेदवारी दिएका रामकिशोर यादवले बिहिवार पचरौता नगरपालिका वडा नं. ३ रामनगर तथा भठीबैरिया क्षेत्रमा घरदैलो गरेकाछन्। घरदैलोका क्रममा जनताको घर(घरमा



*घरदैलो गरिदै ।* फोटो: साझेदारी

पुगेर प्रत्यक्ष भेटघाट, संवाद गरेकाहुन्। कार्यक्रममा स्थानीय जनताले आफ्ना समस्या, अपेक्षा र सुझावहरू राखेका थिए। त्यसप्रति गम्भीर रूपमा सुनुवाइ गर्दै समाधानका लागि पहल गर्ने प्रतिबद्धता उनले व्यक्त गरेकाछन्।


## प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्यो निर्वाचन सामग्री

*काठमाडौँ, १४ फागुन*

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ वटै क्षेत्रमा निर्वाचन सामग्री पुगेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीतर्फको गरी चार करोड ११ लाख ५३ हजार मतपत्र ७७ वटै जिल्लाका १६५ वटै निर्वाचन क्षेत्रमा पुगेको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पूर्वतयारी अन्तिम चरणमा छ ।

आयोगबाट स्वीकृत कार्य तालिकाअनुसार व्यवस्थापकीय कार्य तालिकाबद्ध र तोकिएको समयमा सञ्चालित छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फका मतपत्र छपाइ सम्पन्न भई ७७ वटै जिल्लामा पुगेको छ । केही सामग्री भने जिल्लामै व्यवस्थापन हुनेछ । निर्वाचन

**बाँकी तेस्रो पृष्ठमा**


## देवताल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिप्राढी गोठ, बारा
मधेश प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र स्वीकृत सम्बन्धी आशयको सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८२/११/१५ गते*

देवताल गाउँकार्यपालिकाको कार्यालयले तपसिलको मितिमा गरेको तपसिलका सिलबन्दीहरुका लागि दर्ता हुन आएका तपसिल बमोजिमका सिलबन्दी दरभाउ पत्रहरुको मुल्यांकन गर्दा तपसिलको दरभाउपत्रदाताले पेश गरेको सिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० को उपदफा (५) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ९(क) बमोजिम मापदण्ड पुरा भई सारभूत रुपमा प्रभावग्राही भएको पाइएकोले ऐ. ऐ. नियमावलीको नियम ८४ को उपनियम (१०)बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

तपशिल :-

| क्र.सं. | सिलबन्दी दरभाउपत्र नं | कार्यको विवरण | सिलबन्दी दरभाउपत्र आह्वान मिति | पेश भएका सिलबन्दी दरभाउपत्रहरुको संख्या | स्वीकृत दरभाउपत्र दाताको नाम, ठेगाना | निर्णय मिति | कबोल रकम VAT सहित |
|---|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/SQ/ 08/2082/083 | औषधी खरिद (पशु तर्फ) | २०८२/१०/०७ | ५ (पाँच) | Sangita Vet Pharma Dewahi Gonahi-8, Rautahat | २०८२/११/१३ | १२,०६४१७.०० |
| २ | DRM/NCB/SQ/ 09/2082/083 | Supply of medical and surgical items | २०८२/१०/२७ | ५ (पाँच) | Medisales Medico Pharma Madhyapur Thimi-1 , Bhaktpur | २०८२/११/१४ | २४,३४,३८३.५७ |

*प्रमुख प्रशासकिय अधिकृत*

## घरेलु हिंसा,बालविवाह,लागुऔषध दुर्व्यसन जस्ता विकृति अन्त्य गर्न सहयोग गरौं ।
पचरौता नगरपालिकाको कार्यालय, बेनौली बाराद्वारा जनहितमा जारी सन्देश

## 'कृषि, शिक्षा र स्वास्थ्यमा फेटाको विकास'
फेटा गाउँपालिकाको कार्यालय, फेटा बाराद्वारा जनहितमा जारी सन्देश

## 'कृषिमा आधुनिकीकरण,परवानीपुरको पहिचान'
परवानीपुर गाउँपालिकाको कार्यालय, परवानीपुर बाराद्वारा जनहितमा जारी सन्देश

## जन्म दर्ता,मृत्यु दर्ता,बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं
देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठद्वारा जनहितमा जारी सन्देश